नेपाल हज समितिको मिति २०७८।०३।२९ को बैठकबाट स्वीकृत

# नेपाल हज समितिको सचिवालयको वार्षिक कार्ययोजना

## (आ.व.२०७८/७९)

नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल हज समितिको सचिवालय,**

**काठमाण्डौ**

## १. पृष्ठभुमी

प्रत्येक वर्ष इस्लाम धर्म परम्परा बमोजिम साउदी अरबको मक्का मदिनामा हज तथा उमरा यात्रा गर्न जाने नेपाली इस्लाम धर्मावलम्बीहरूको हज तथा उमरा यात्रा व्यवस्थापन गर्ने कार्यका लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत नेपाल हज समिति कार्यविधि, २०७२ बमोजिम विभिन्न कार्यजिम्मेवारीहरु सम्पादन गर्दै आएको छ। हज व्यवस्थापनसंग सम्वन्धित कार्यहरुलाई व्यावसायिक तथा जनअपेक्षित वनाउन योजनावद्ध कार्यसम्पादनको आवश्यकता रहन्छ। सो सन्दर्भमा नेपाल हज समितिको सचिवालयबाट चालु आ.व. २०७८/७९ मा योजनावद्ध तथा व्यावसायिक रुपमा गतिविधिहरु सम्पादन गर्ने गराउने कार्यका लागि नेपाल हज समिति कार्यविधि २०७२मा उल्लेखित नेपाल हज समिति तथा सचिवालयको काम कर्तव्य र अधिकार, वार्षिक विकास कार्यक्रम तथा वजेट, सरोकारवाला निकाय तथा विज्ञहरुवाट प्राप्त सुझाव, विद्यमान अवस्था र अभ्यास समेतका नेपाल हज समितिको सचिवालयबाट आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गर्ने क्रियाकलापहरु एवम् संस्थागत जिम्मेवारी सहित नेपाल हज समितिको निर्णयानुसार यो कार्ययोजना तर्जुमा गरिएको छ।

## २. उद्वेश्य

नेपाल हज समितिको सचिवालयले सम्पादन गर्ने गतिविधिहरुमा व्यावसायिकता प्रवर्द्धन गर्नु यस कार्ययोजनाको मुख्य उद्वेश्य रहेको छ।

## ३. मुख्य मुख्य क्रियाकलाप/रणनीतिहरु

क. नेपाल हज समिति कार्यविधि २०७२ लाई समसामयिक परिमार्जनका लागि आवश्यक सूझाव सहित नेपाल सरकार गृह मन्त्रालयलाई सिफारिस गरिनेछ। हज तथा उमरा यात्रा व्यवस्थापन कार्यलाई सरल, चुस्त, पारदर्शी र व्यावसायिक बनाउने तथा हज समितिको सचिवालयबाट सम्पादन हुने कार्यहरूको संस्थागत स्मरण कायम गर्ने उद्वेश्यले नेपाल हज समिति कार्यविधि २०७२ को अधिकार प्रयोग गरी हज कार्यसञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

ख. नेपाल हज समितिको सचिवालयलाई स्रोत साधन सम्पन्न वनाईनेछ।

ग. हज सम्वन्धि सम्पूर्ण कार्यहरु; हजयात्रु छनौट, विश्लेषण, छनौट तथा सूचना प्रवाह लगायतका प्रक्रिया तथा अभिलेखहरुलाई पूर्णत विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।यस कार्यका लागि हज व्यवस्थापन सूचना प्रणाली ( Hajj management Information System-HMIS) लाई संस्थागत गरिनेछ। साथै नेपाल हज समितिको लेखा तथा जिन्सी कारोवारलाई नेपाल सरकारको केन्द्रिय लेखा तथा जिन्सी प्रणालीमा आवद्ध नरेहेको विद्यमान अवस्थालाई दृष्टिगत गरी सो व्यवस्थालाई नेपाल सरकारको विद्यमान प्रणाली अनुकुल हुने गरी पूर्णत विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ।

घ. नेपाल हज समितिको सचिवालयलाई हज सूचना स्रोत केन्द्रको रुपमा विकास गरिनेछ।सचिवालयका गतिविधिहरुलाई सूचनाको हक सम्वन्धी ऐन/नियमावली अनुसार Proactive Disclosure को रुपमा सार्वजनिक गरिनेछ।

ङ. नेपाल हज समितिको सचिवालयको नाममा गतविगत आर्थिक वर्षदेखी कायम हुदै आएको वेरुजुलाई आवश्यक लगत/प्रमाण संकलन गरी नियमित गर्दै लगिनेछ।

च. हज व्यवस्थापन कार्यमा हजयात्रुहरुवाट पृष्ठपोषण प्राप्त गर्ने गरी सन्तुष्टि सर्वेषण गरिनेछ।

छ. नेपाल हज समितिका पदाधिकारीहरुको क्षमता विकास लाई विशेष जोड दिईनेछ।

ज. हज व्यवस्थापन  कार्यलाई अन्तराष्ट्रिय परिवेश अनुकुल वनाउन छिमेकी मुलुकहरुको अभ्यास पहिचान गरिनेछ।

झ. हजयात्रुहरुको आवेदन संकलन तथा अन्य प्रक्रियाका लागि ईलाका प्रशासन कार्यालयसम्म पहुंच विस्तार गरिनेछ।

ञ. हजयात्रा व्यवस्थापनको क्रममा हुने खर्चलाई चुस्त,पारदर्शी र मितव्ययी बनाईनेछ।

ट. हज व्यवस्थापनकार्यमा सम्वद्व निकायहरुविच प्रभावकारी सम्वन्ध, समन्वय र सहकार्यलाई उच्च प्राथमिकता गरिनेछ।

## नेपाल हज समितिको सचिवालयको वार्षिक कार्ययोजना(२०७७ श्रावण १ देखि २०७८ असार मसान्त सम्म)

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| **क. नेपाल हज समितिको सचिवालयको कार्यालय व्यवस्थापन तथा संस्थागत क्षमता सुदृढीकरण** | | | | | | |
| १ | नेपाल हज समितिको सचिवालयलाई स्रोत साधन, उपकरणयुक्त वनाई **व्यावसायिक कार्यवातावरण** सिर्जना गर्ने। | नेपाल हज समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | २०७८ पहिलो चौमासिक भित्र र निरन्तर | सचिवालयका गतिविधिहरुमा व्यावसायिकता अभिवृद्धि भएको हुने। | साधन स्रोत, उपकरण विवरण |
| २ | हज सम्वन्धी स्रोत सामाग्री / सन्दर्भ सामाग्री सहितको **हज पुस्तकालय (Hajj Library)** निर्माण गर्ने। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ श्रावण मसान्तसम्म | सचिवालय हज सूचना केन्द्रको रुपमा विकास भएको हुने। | Library स्थापना र पुस्तकहरु विवरण |
| ३ | नेपाल हज समितिका पदाधिकारी तथा सचिवालयका कर्मचारीहरुका लागि हज व्यवस्थापन सम्वन्धमा **मागमा आधारित क्षमता विकास** कार्यक्रम सञ्चालन गर्ने। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ भाद्र मसान्त सम्म | समितिका पदाधिकारीहरुले हज व्यवस्थापन सम्वन्धी माग अनुसारको तालिम प्राप्त गरी दक्षता /क्षमता विकास भएको हुने। | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| ४ | जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालयका सम्पर्क व्यक्तिहरुको लागि **HMIS सञ्चालन सम्वन्धि क्षमता विकास** कार्यक्रम सञ्चालन गर्ने ।*(गतविगतमा हज आवेदन संकलन* | नेपाल हज समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | २०७८ असोज मसान्त सम्म | जिल्लास्तरमा HMIS सञ्चालनमा सम्पर्क व्यक्ति सहित अन्य सम्वद्ध कर्मचारीहरुको क्षमता | कार्यक्रम सञ्चालन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | *गरेका वा ईस्लाम धर्मावलम्वीहरुको वाहुल्यता रहेका जिल्लाहरुको लागि मात्र)* | | | | विकास भएको हुने। | |
| ५ | नेपाल हज समिति/उप समिति/सल्लाहकार समितिका निर्णयहरु तथा अन्य महत्वपूर्ण कागजातहरुलाई **Digitization** गर्ने। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ भाद्र मसान्त सम्म | सचिवालयका महत्वपूर्ण दस्तावेजहरु विद्युतीय अभिलेखको रुपमा रुपान्तरण भएको हुने | Digitization विवरण |
| ६ | नेपाल हज समितिको सचिवालयको **नागरिक बडापत्र (Citizen Charter)** तयार गरीनेछ। यसलाई वेभ साईट मार्फत समेत सार्वजनिक गरिनेछ। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ श्रावण मसान्त सम्म | सचिवालयको कार्यसम्पादन उपर नागरिकहरुको स्वस्थ नियन्त्रण कायम भई जनमैत्री सेवा प्रवाह हुने। | वडापत्र |
| ७ | नेपाल हज समितिको सचिवालयको कार्यालय भित्र समितिका पदाधिकारी तथा अन्य ईस्लाम धर्मावलम्वी सेवाग्राहीहरुको लागि **नमाज पढ्ने प्रयोजनार्थ** आवश्यक व्यवस्था मिलाईनेछ। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ श्रावण मसान्तभित्र | ईस्लाम धर्मावलम्बीमैत्री कार्यालय व्यवस्थापन भएको हुने। | कोठा |
| **ख. हज व्यवस्थापन कार्यमा सुशासन तथा प्रभावकारी सेवा प्रवाह व्यवस्थापन** | | | | | | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ८ | नेपाल हज समिति कार्यविधि २०७२ लाई **समसामयिक परिमार्जन**का लागि आवश्यक सूझाव सहित नेपाल सरकार गृह मन्त्रालयलाई सिफारिस गर्ने। | नेपाल हज समिति / सचिवालय | नेपाल सरकार मन्त्रीपरिषद/ गृह मन्त्रालय | २०७८ कार्तिक मसान्त सम्म | नेपाल हज समिति कार्यविधि २०७२ को समसामयिक परिमार्जन भएको हुने। | संसोधित कार्यविधि |
| ९ | नेपाल हज समिति कार्यविधि २०७२ ले दिएको अधिकार प्रयोग गरी हज कार्यसञ्चालन प्रक्रिया(**Hajj operating Procedure**) तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने।*(नेपाल हज समिति कार्यविधि २०७२ नै संसोधन भएमा संसोधन अनुकुल हुनेगरी हज कार्यसञ्चालन प्रक्रिया पुन संसोधनका लागि पेश गर्ने)* | नेपाल हज समिति / सचिवालय | गृह मन्त्रालय | २०७८ श्रावण मसान्त सम्म | हज व्यवस्थापन प्रक्रिया तोकिएको Calendar of Operation अनुसार सञ्चालन भई उच्च व्यावसायिकताका साथ कार्यसञ्चालन हुने। | Hajj operating Procedure |
| १० | हज सम्वन्धि सम्पूर्ण कार्यहरु; हजयात्रु छनौट, विश्लेषण, छनौट तथा सूचना प्रवाह लगायतका प्रक्रिया तथा अभिलेखहरुलाई पूर्णत हज व्यवस्थापन सूचना प्रणाली **(Hajj management Information System- HMIS)** मा आवद्व गरी संस्थागत गर्ने। | नेपाल हज समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | २०७८ श्रावण देखि निरन्तर | सचिवालयका सम्पूर्ण कार्यहरु HMIS मा आवद्व भएको हुने। | HMIS मा प्रविष्ट विवरण |
| ११ | नेपाल हज समितिको लेखा तथा जिन्सी कारोवारलाई नेपाल सरकारको केन्द्रिय लेखा तथा जिन्सी प्रणाली | नेपाल हज समितिको | गृह मन्त्रालय/ | २०७८ श्रावण देखि निरन्तर | आर्थिक सुशासन कायम भएको हुने। | प्रणालीको उपयोग अवस्था विवरण |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | अनुकुल हुनेगरी हज लेखा तथा जिन्सी प्रणाली **(Hajj Accounting and Store management System)** प्रणाली सञ्चालन गरी आर्थिक सुशासन कायम गरिनेछ। | सचिवालय | नेपाल हज समिति | | | |
| १२ | हज व्यवस्थापन कार्यमा संलग्न नेपाल हज समितिका पदाधिकारी, हज प्रतिनिधिमण्डल, चिकित्सक तथा स्वयमसेवकहरुको **आचारसंहिता (Code of Conduct)** तर्जुमा गरी कार्यान्वयन गर्ने। | नेपाल हज समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | २०७८ श्रावण मसान्त सम्ममा तर्जुमा भई निरन्तर | हज सम्वद्व पदाधिकारीहरुको भूमिका थप अनुशासित र मर्यादित हुने। | आचारसंहिता |
| १३ | नेपाल हज समितिको सचिवालयको **Web Site सञ्चालन** तथा अद्यावधिक गरी महत्वपूर्ण सूचना प्रवाहको माध्यम वनाउने। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ श्रावण देखि निरन्तर | सूचनाको हक कार्यान्वयन भएको हुने। | Web Site अद्यावधिकता तथा सूचनाको उपलब्धता अवस्था |
| १४ | नेपाल हज समितिको सचिवालयको नाममा महालेखा परीक्षक कार्यालयबाट कायम भएको गतविगत आर्थिक वर्षको **वेरुजुलाई घटाउदै लगिनेछ**। | नेपाल हज समिति / सचिवालय | गृह मन्त्रालय | २०७९ असार मसान्त सम्म | आर्थिक सुशासन कायम भएको हुने। | वेरुजु फछौंट विवरण |
| १५ | हज व्यवस्थापन कार्यलाई जनअपेक्षित, पारदर्शी र व्यावसायिक वनाउन हजयात्रुहरुवाट हज व्यवस्थापका सम्वन्धमा **सन्तुष्टि सर्वेक्षण** | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | हजयात्रा सम्पन्न भई हजयात्रुहरु स्वदेश फिर्ता | हज व्यवस्थापन कार्यका वारेमा पृष्ठपोषण प्राप्त भएको हुने। | सन्तुष्टि सर्वेक्षण प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | **(Satisfaction Survey)** सञ्चालन गर्ने। | | | भएको १ हप्ता भित्र | | |
| १६ | हजयात्राका सम्पूर्ण प्रक्रियाहरु ,नेपाल हज समितिका पदाधिकारी / हज प्रतिनिधिमण्डल, हजयात्रुहरुको हज अनुभुति तथा गृह मन्त्रालय लगायत व्यवस्थापकीय जिम्मेवार निकाय/पदाधिकारीहरुको धारणा सहितको **Documentary** उत्पादन तथा राष्ट्रिय टेलिभिजन मार्फत सार्वजानिक गर्ने। | नेपाल हज समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | २०७९ असार मसान्तसम्म | हज व्यवस्थापन कार्य तथा अवस्थाका वारेमा आम नागरिकहरु सूसुचित भएको हुने। | श्रव्यदृय सामग्री र प्रशारण |
| १७ | छिमेकी मुलुकहरुको हज व्यवस्थापन प्रक्रिया / मापदण्ड लगायतका वारेमा अनुभव आदान प्रदान मार्फत हज व्यवस्थापन कार्यलाई **अन्तराष्ट्रिय परिवेश** अनुकुल वनाउदै लैजाने। | नेपाल हज समिति / सचिवालय | गृह मन्त्रालय | २०७८ असोज मसान्त सम्म | हज व्यवस्थापन कार्य अन्तराष्ट्रिय परिवेश अनुकुल वन्दै जाने। | कार्यक्रम प्रतिवेदन |
| १८ | हजयात्रुहरुको आवेदन संकलन तथा अन्य प्रक्रियामा हज आवेदकको सहजताका लागि **ईलाका प्रशासन कार्यालयसम्म पहुंच विस्तार** गर्ने। | नेपाल हज समिति / सचिवालय | गृह मन्त्रालय | २०७८ श्रावण देखि निरन्तर | ईलाका प्रशासन कार्यालयबाट HMIS सञ्चालन भई हज गर्न चाहने व्यक्तिको सरल र सहज पहुंच कायम हुने। | HMIS उपयोग अवस्था |
| १९ | हज सम्वन्धी लेख रचना, अनुभुती, स्मरण तथा अन्य | नेपाल हज | | २०७८ भाद्र | सचिवालयको संस्थागत | हज स्मारिका |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | सिर्जनाहरु समावेश गरी **हज स्मारिका** तर्जुमा गर्ने। | समितिको सचिवालय | नेपाल हज समिति | मसान्त सम्म | स्मरण कायम भएको हुने । | |
| २० | हज गर्ने तरिका तथा चरणहरु उल्लेख गरी यात्रा अवधिभर महत्वपूर्ण अनुभूति,स्मरणहरु समेत टिपोट गर्न मिल्ने गरी **हज डायरी (Hajj Diary)** तर्जुमा गरी प्रत्येक हजयात्रुहरुलाई १/१ वटा उपलब्ध गराउने | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७९ जेष्ठ मसान्त सम्म | हज गर्ने तरिकाहरु यात्रुलाई पूर्व जानकारी भई मर्यादित रुपमा गतिविधिहरु सञ्चालन हुने। | हज डायरी |
| २१ | हज सम्वन्धी जानकारी, सम्वद्व निकायहरुको भूमिका, हजयात्रुहरुले हजका समयमा पालना गर्नुपर्ने विषयहरु समावेश गरी **हज व्रोसियर** तर्जुमा,छपाई तथा वितरण गर्ने । | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ श्रावण मसान्त सम्म | हज सम्वन्धमा आम नागरिकहरु जानकार भएको हुने। | हज व्रोसियर प्रति |
| २२ | हजयात्रुहरुले पालना गर्नुपर्ने विषयहरुमा अध्यागमन तथा नागरिक उड्डयन, सुरक्षा संवेदनशीलता, भन्सार, हवाई कम्पनि, होटल व्यावसायी लगायतका पदाधिकारीहरुवाट **अभिमुखिकरण कार्यक्रम** सञ्चालन गर्ने। | नेपाल हज समिति/ सचिवालय | अध्यागमन विभाग, भन्सार विभाग, नागरिक उड्डयन प्राधिकरण, नेपाल प्रहरी प्रधान कार्यालय | हजयात्राको लागि साउदी अरव उडान हुनु अगावै (२०७९ असार ) | विषयगत अधिकारीहरुवाट हजयात्रा सम्वन्धि विषयमा पूर्ण जानकारी पाई हजयात्रा व्यवस्थित र मर्यादित हुने। | कार्यक्रम प्रतिवेदन |
| २३ | हज व्यवस्थापन प्रक्रियालाई प्रभावकारी वनाउने | नेपाल हज | | २०७८ कार्तिक | हज व्यवस्थापन कार्यलाई | कार्यक्रम प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | सम्वन्धमा हज समितिका पदाधिकारी, गर्ह मन्त्रालय लगायत सम्वन्धित निकायहरुका प्रतिनिधिहरु, हज समितिका पूर्व पदाधिकारीहरु, पूर्व सदस्य सचिवहरु, मुस्लिम अगुवा तथा विज्ञहरु तथा धार्मिक संगठनका अगुवाहरु सहितको **अन्तरक्रिया कार्यक्रम** सञ्चालन गर्ने। | समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | मसान्त सम्म | प्रभावकारी वनाउन सिर्जनशील पृष्ठपोषण प्रात हुने। | |
| २४ | नेपाल हज समितिका **पूर्व अध्यक्षहरुको लागि सम्मान कार्यक्रम** सञ्चालन गर्ने। | नेपाल हज समितिको सचिवालय | गृह मन्त्रालय/ नेपाल हज समिति | २०७८ असोज मसान्त सम्म | पूर्व अध्यक्षहरुबाट हज व्यवस्थापन कार्यको अपनत्व निरन्तर कायम हुने। | कार्यक्रम प्रतिवेदन |
| २५ | हजयात्रा अवधिभर हजयात्रुहरुको **दूर्घटना विमा** गरी हजयात्रालाई सुरक्षित तथा व्यवस्थित वनाउने। | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | हजयात्रा प्रारम्भ गर्नु कम्तिमा १५ दिन अगावै | विषयगत कार्यालयका अधिकारीहरुवाट हजयात्रा सम्वन्धि विषयमा पूर्ण जानकारी भई हजयात्रा व्यवस्थित र मर्यादित हुने। | कार्यक्रम प्रतिवेदन |
| २६ | हजयात्रालाई **व्यवस्थित, मर्यादित र जनअपेक्षित** वनाउन महावाणिज्य दूतावास जेद्वाको भुमिका विस्तार गर्न गृह मन्त्रालय, परराष्ट्र मन्त्रालयसंग समन्वय गर्ने। | नेपाल हज समिति/ सचिवालय | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, | निरन्तर | मक्का मदिनामा हुने हज व्यवस्थापन कार्य हजयात्रुमैत्री भएको हुने। | समन्वय/सहकार्य अवस्था प्रतिवेदन |
| २७ | **उमरा लाई व्यवस्थित वनाउन** सम्वद्व निकायहरुमा | नेपाल हज | गृह मन्त्रालय, | २०७८ श्रावण | उमरा यात्राको संस्थागत | समन्वय सहकार्य |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | पहल गर्ने। | समिति/ सचिवालय | परराष्ट्र मन्त्रालय, महावाणिज्य दूतावास जेद्दा | महिना देखि निरन्तर | सुरुवातको वातावरण सिर्जना भएको हुने । | अवस्था प्रतिवेदन |
| २८ | नेपाल हज समितिका सचिवालयका गतिविधिहरुलाई सूचनाको हक सम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका ३/३ गतिविधिहरूलाई **स्वत:प्रकाशन (Proactive Disclosure)** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति अवस्था समेत सार्वजनिक गर्ने | नेपाल हज समितिको सचिवालय | नेपाल हज समिति | २०७८ श्रावणवाट निरन्तर | सूचनाको हक कार्यान्वयन भएको हुने | प्रतिवेदन |

## ४. निष्कर्ष

नेपाल हज समितिको सचिवालयलाई प्राप्त हुने कार्यक्रम तथा वजेट, कोभिड १९ वा यस्तै प्रकारका महामारीका कारण सिर्जित अवस्था, सचिवालयमा उपलब्ध जनशक्ति, सम्वन्धित विषयगत निकायहरुको सक्रियता यस कार्ययोजनाका महत्वपूर्ण जोखिम क्षेत्रहरु हुन यद्यपी उपलब्ध साधन स्रोत र उपकरणहरुको अधिकतम परिचालन मार्फत जनमैत्री तथा व्यावसायिक रुपमा कार्यसम्पादन गर्न सदस्य सचिव लगायत सचिवालयका कर्मचारी तथा नेपाल हज समितिका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु प्रतिवद्व हुन सकेमा साथै आवश्यकतानुसार गृह मन्त्रालयवाट निर्देशन तथा समन्वय कायम रहेमा अपेक्षाकृत रुपमा कार्ययोजना कार्यान्वयन हुनेछ।

**---- 00----**